महाकुलुङ गाउँपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्ड : ..... महाकुलुङ गाँपालिका, बुङ, सोलुखुम्बु, मितिः संख्याः

भाग — १

महाकुलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुङ, सोलुखुम्बु ।

# महाकुलुङ गाउँपालिकाको

# कार्यसम्पादनमा आधारित उत्प्रेरणा जगाउने, कर्मचारीको सेवा सुविधामा समानता कायम गर्न तथा अतिरिक्त समय काम गरे वापत (प्रोत्साहन भत्ता) सम्बन्धी कार्यविधि ऐन, २०८२

महाकुलुङ गाउँपालिकाको

## कार्यसम्पादनमा आधारित उत्प्रेरणा जगाउने, कर्मचारीको सेवा सुविधामा समानता कायम गर्न तथा अतिरिक्त समय काम गरे वापत (प्रोत्साहन भत्ता) सम्बन्धी कार्यविधि ऐन, २०८२

पृष्ठभूमी:

राज्यको पुनर्संरचना सँगै स्थानीय तहमा कर्मचारी समायोजन गर्ने पदपूर्ति गर्ने कार्य हुँदै आएको छ । यस अवस्थामा आउँदासम्म स्थानीय दुर्गमताका कारण स्थानीय तहमा कर्मचारी खटिन तथा कार्यसम्पादन उच्च मनोवलका साथ गर्न तयार भै रहेको देखिन्न । महाकुलुङ गाउँपालिका सोलुखुम्बु जिल्लाको दुर्गम मध्येको स्थानमा रहेको छ ।

वि.सं. २०७१ सालको साउन महिनाबाट लागू हुने गरी नेपाल सरकारले स्थानीय भत्ता निर्धारण गरी "क" देखि "ङ" वर्गसम्मको वर्गमा विभाजन गरेको छ । सोही अनुसार दुर्गमताको आधारमा स्थानीय भत्ता समेत निर्धारण भएको छ । महाकुलुङ गाउँपालिकाको हालका वडा नं. १, २ र ३ (साविक बुङ गाविस र छेस्काम गाविस) लाई "ख" वर्गमा तथा वडा नं. ४ र ५ (साविक गुदेल गाविस) लाई "ग" वर्ग कायम गरियो । हाल दुरता र दुर्गमताको हिसावमा वडा नं. ४ र ५ का क्षेत्र अन्य वडाभन्दा दुर्गम रहेको वा अन्य वडा जस्तै दुर्गम रहेको अवस्था छ । यस अवस्थामा वडा नं. ४ र ५ मा कार्यरत कर्मचारी तथा शिक्षकले अन्य क्षेत्रमा कार्यरतको दाँजोमा सेवा सुविधामा कम हुने कारण हीनता वोध समेत गर्ने अवस्था सृजना भएको छ ।

माथिको दुईवटा अवस्थामा यस स्थानीय तहमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा सुविधामा समानता कायम गर्न तथा कर्मचारीले अतिरिक्त समय कार्य गरेवापत उत्प्रेरणा प्रदान गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरेको छ ।

२०८२।२।१३
अध्यक्ष
महाकुलुङ गाउँपालिका

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१) यो ऐनको नामः यस कार्यविधिको नाम "महाकुलुङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि ऐन, २०८२" हुनेछ ।

२) प्रारम्भ : यो कार्यविधि ऐन गाउँसभाले स्वीकृत गरी राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

३) परिभाषाः विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ख) "कर्मचारी" भन्नाले यस गाउँपालिकामा कार्यरत स्थायी, अस्थायी, करार सेवामा नियुक्त गरिएको कर्मचारी सम्झनुपर्छ ।

(ग) "शिक्षक" भन्नाले महाकुलुङ गाउँपालिकाभित्र कार्यरत स्थायी शिक्षकलाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले महाकुलुङ गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले महाकुलुङ गाउँपालिकालाई सम्झनुपर्छ ।

(च) "कार्यालय" भन्नाले महाकुलुङ गाउँपालिकाको कार्यपालिका कार्यालयलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाकुलुङ गाउँपालिकाको प्रशासनिक तथा आर्थिक अधिकार प्रयोग गर्न तोकिएको अधिकृत कर्मचारी सम्झनुपर्छ ।

(ज) "अध्यक्ष" भन्नाले महाकुलुङ गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(झ) "कार्यविधि ऐन" भन्नाले महाकुलुङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, ऐन २०८२ लाई सम्झनुपर्छ ।

(ञ) "शाखा प्रमुख" भन्नाले गाउँपालिका अन्तर्गतका शाखाको प्रमुख भई कार्य गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ ।

(ट) "कार्यसम्पादन" भन्नाले कार्यसम्पादन सम्झौता वा कार्यविवरण वा आफ्नो निर्धारण गरिएको वार्षिक स्वीकृत कार्यक्रम वा तोकिएको अन्य कार्यसम्पादनलाई सम्झनुपर्छ ।

(ठ) "प्रोत्साहन" भन्नाले कर्मचारीलाई कार्यालयबाट उपलब्ध गराउने मौद्रिक सुविधालाई सम्झनुपर्छ ।

(ड) "अतिरिक्त समय" भन्नाले नेपाल सरकारले निर्धारण गरे वमोजिमको सरकारी कार्यालय खुल्ने वा संचालन हुने समयभन्दा बाहेकको थप समय भन्ने सम्झनुपर्छ ।

२०८२।२।१३
अध्यक्ष
महाकुलुङ गाउँपालिका

## परिच्छेद २

## कार्य सम्पादन प्रोत्साहन प्रणाली, यसको औचित्य तथा उद्देश्य

४) कुनै पनि निकाय वा कार्यालयमा आफ्नो उद्देश्य प्राप्तिको लागि कर्मचारीले आफूलाई तोकिएको कार्य के कति समय, लागत, परिमाण र गुणस्तरमा सम्पन्न गरेको छ भनी सो आधारमा मूल्याङ्कन गरेर प्रोत्साहन दिईने प्रणालीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली भनिन्छ । विगतमा वढी कामको जिम्मेवारी अनुसार कर्मचारीहरुलाई प्रोत्साहन भत्ताको रुपमा केही प्रतिशत स्थानीय भत्ता उपलब्ध गराउँदै आएकोमा सो व्यवस्थामा आवद्ध कर्मचारीहरु कार्यालयको काम प्रति उत्प्रेरित भएको, उच्च मनोबलका साथ कार्य सम्पादन गरेको पाइयो । जसले गर्दा गाउँपालिकाले आफ्नो स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरुको अभावमा पनि समयमा नै कार्य सम्पन्न गरेको, जनतामा सेवा प्रवाह गुणस्तरीय तथा छरितो भएको पाईएको थियो । महाकुलुङ गाउँपालिकाको सन्दर्भमा हेर्दा तुलनात्मक रुपमा दुर्गम क्षेत्र रहेको महाकुलुङ ४ र ५ मा कार्यरत सम्पूर्ण कर्मचारीलाई पूर्ण रुपमा असुविधा हुने गरी स्थानीय भत्ताको निर्धारण भएको छ । यसबाट उक्त क्षेत्रमा काम गर्ने कर्मचारीलाई हीनतावोध हुने, सुविधा उपलब्ध हुने स्थानमा गई काम गर्न खोज्ने कारण मानव संशाधन व्यवस्थापनमा समेत असर परी "उपयुक्त व्यक्ति उपयुक्त स्थान"को नीतिमा समेत असर परको छ । महाकुलुङ गाउँपालिकामा कार्यरत कर्मचारीलाई समान व्यवहार गर्न कार्यसम्पादन प्रोत्साहन प्रणालीको परिकल्पना गरिएको हो। यस प्रणालीलाई अझ वैज्ञानिक तथा पारदर्शी बनाई कार्यालयमा कार्यरत सबै कर्मचारीहरुलाई समेटन सकिएको खण्डमा गाउँपालिकाबाट जनतामा सेवा प्रवाह हुने कार्यमा अझै निखारपन आउने, चुस्त छिटो छरितो गुनासो रहित हुने हुँदा कर्मचारीको मनोबल उच्च राख्दै कार्यालयको सेवा प्रवाह प्रभावकारी हुने अपेक्षा गरिएको छ।

५) **यस ले यो प्रणाली लागु गर्नाको कारण र औचित्य देहाय बमोजिम छन्:**

(क) कर्मचारीहरुको मनोवल उच्च राख्न।

(ख) कार्य सम्पादनमा आधारित थप सुविधा दिने प्रणाली लागु गर्न,

(ग) कार्यालयको प्रशासनिक लक्ष्य हाँसिल गर्न,

(घ) संगठनको उद्देश्य र व्यक्तिगत उद्देश्य बीच तालमेल मिलाउन,

(ङ) कार्य सम्पादनमा ४E (Equity, Economy, Efficiency and Effectiveness) हासिल गर्न,

(च) दरवन्दी अनुसारको पदपूर्ति समयमा नहुने, कामको चाप बढी हुने स्थितिमा कार्य सम्पादन गर्नु पर्दा कर्मचारीको मनोवल उच्च राखु पर्ने र उनीहरुको जीवन निर्वाहलाई समेत थप सुबिधा हाँसिल हुन सक्ने हुँदा काम प्रति उत्प्रेरित गराउन

(छ) कर्मचारीले गरेको कामको आधारमा पुरस्कृत गर्न

(ज) स्वच्छ प्रशासनको अवधारणालाई व्यवहारमा उर्तान पनि कार्य सम्पादन प्रोसाहन प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

६) उद्देश्यः

(क) कर्मचारी सेवा सुविधामा समानता कायम गर्ने ।

(ख) कर्मचारीहरुलाई अतिरिक्त समयमा समेत कार्य गर्ने वातावरण सिर्जना गर्ने.

(ग) कर्मचारीका आधारभूत आवश्यकता पूर्ति गर्नमा सहयोग पुग्ने,

(घ) कर्मचारी र संगठन बीच अपनत्वको भावना विकास गर्ने,

(ङ) सीमित साधन स्रोतबाट अधिकतम कार्य सम्पादनमा जोड दिने,

(च) जनतामा प्रवाह हुने कार्यलाई थप प्रभावकारी बनाउने,

(छ) कार्य सम्पादनमा पारदर्शिता तथा जवाफदेहीतामा वृद्धि गर्ने,

(ज) संगठनको उद्देश्य तथा व्यात्तिगत उद्देश्य बीच तालमेलको वातावरण बनाउने,

(झ) कर्मचारीले आफूले गर्नु पर्ने काम प्रति अपनत्व बोध गराउने।

(ञ) कर्मचारीहरुलाई उच्च मनोवलमा रहेर कार्य गराउने वातावरण सृजना गर्ने,

७) संगठनलाई प्राप्त हुने अपेक्षित उपलब्धीहरुः

(क) कर्मचारी तथा शिक्षकहरुमा समानताको भाव विकास भई उत्साहजनक कार्य गर्न तयार रहनेछन् ।

(ख) प्रत्येक कर्मचारीले आफ्नो कार्य विवरणमा तोकिए बमोजिमको काम गर्ने भएकोले सबैको जिम्मेवारी, कसैको पनि जिम्मेवारी होईन भन्ने प्रकृतिको अन्त्य भएको हुनेछ,

(ग) काम गर्ने र नगर्ने कर्मचारी बीच फरक छुट्याउन सहज हुनेछ ।

(घ) सेवा प्रवाह अनावश्यक प्रक्रियामुखी नभएर नतिजामुखी हुनेछ ।

(ङ) संगठनमा रहेका प्रतिभावान जनशक्तिको क्षमता पूर्णरुपमा उपयोग भएको हुनेछ ।

(च) कार्यालयमा नतिजा उन्मुख व्यवस्थापन प्रणालीको विकास गर्नमा मद्दत पुगेको हुनेछ ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका

(छ) प्रोत्साहन वितरणमा अनावश्यक विवाद तथा अस्पष्टता नरहेको हुनेछ ।

(ज) कर्मचारीहरुको कार्य सम्पादनमा सुधार आई कार्यालयको काम छिटो छरितो ढंगले सम्पादन भएको हुनेछ।

८) कर्मचारीलाई हुने सक्ने उपलब्धीहरु:

कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु भएपछि संगठनमा कार्यरत कर्मचारीहरु उत्प्रेरित भएको र कार्य सम्पादनस्तर पनि गुणात्मक भएको, दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति नभएता पनि अन्य निकायमा कार्यरत कर्मचारी आकर्षित गर्न यो प्रणाली प्रभावकारी हुनेछ । साथै यस प्रणालीले संगठनमा कार्यरत कर्मचारीमा देहायका व्याक्तिगत फाईदा तथा उपलब्धी हाँसिल भई उनीहरुको व्याक्तित्व विकासमा समेत टेवा पुग्ने देखिन्छ ।

(क) एउटै स्थानीय तहमा कार्यरत शिक्षक कर्मचारीको सेवा सुविधामा समानता आउने ।

(ख) कामको उचित मूल्याङ्कन भएको बोध हुने ।

(ग) काममा दोहोरोपन नरहेको, यसबाट कर्मचारी आ-आफ्नो काममा स्पष्ट हुन सहयोग पुग्नेछ।

(घ) अतिरिक्त समयमा काम गरेवापत अतिरिक्त सुविधा प्राप्त गर्ने हुँदा कर्मचारी निरुत्साहीत नभई कार्यमा खट्न थप उत्साहीत भएको हुनेछ ।

(ङ) मनोवल उच्च रहेको हुने ।

## परिच्छेद ३

## शिक्षकलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने विधि

९) हालको स्थानीय भत्ता सेवाको मौजुदा अवस्थाः (१) गाउँपालिकाको वडा नं. १, २ र ३ अन्तर्गतका कार्यरत शिक्षकहरुले पाइराखेको स्थानीय भत्ताको दर अनुसूची १ वमोजिम रहेको छ ।

(२) वडा नं. ४ र ५ मा पर्ने विद्यालयहरुमा कार्यरत शिक्षकहरुले पाउने स्थानीय भत्ताको दर शून्य रहेको छ ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका

१०) शिक्षकलाई प्रोत्साहन भत्ता उपलब्ध गराइनेः (१) गाउँपालिकाको वडा नं. ४ र ५ मा कार्यरत शिक्षकहरुलाई अनुसूची २ मा उल्लेख गरिए वमोजिमको मासिक प्रोत्साहन सुविधा प्रदान गरिनेछ ।

(२) यस्तो सुविधा आर्थिक वर्ष २०८२/८३ बाट प्रदान गरिनेछ ।

(३) प्रोत्साहन सुविधामा १ एक प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरिनेछ । साथै नेपाल सरकारले निर्धारण गरेको करको दायरा अनुसारको कर कट्टी प्रयोजनको लागि समेत यो सुविधा गणना हुनेछ ।

(४) यस्तो सुविधा स्रोतले पुगेसम्म तलवभत्ता भुक्तानी हुँदाको वखत तलव भत्ता भुक्तानी सँगै भुक्तानी गरिनेछ ।

११) प्रोत्साहन भत्तामा परिवर्तनः नेपाल सरकारले २०७१ सालमा निर्धारण गरेको स्थानीय भत्ताको पुनरावलोकन गरेमा वा अर्को व्यवस्था भई गाउँपालिकामा कार्यरत सबै शिक्षकको स्थानीय भत्ता समान कायम गरेमा यस कार्यविधि ऐन अन्तर्गत प्रदान गरिएको प्रोत्साहन रकम प्रदान गरिने छैन ।

## परिच्छेद ४

## विशेष क्षेत्रका कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने विधि

१२) हालको स्थानीय भत्ता दरः गाउँपालिकाको विभिन्न वडा अन्तर्गतका कार्यरत कर्मचारीले पाइराखेको स्थानीय भत्ताको विवरण अनुसूची ३ वमोजिम रहेको छ ।

१३) प्रोत्साहन भत्ता उपलब्ध गराइनेः (१) गाउँपालिका अन्तर्गत विभिन्न शाखा तथा वडामा कार्यरत कर्मचारीहरुलाई अनुसूची ४ मा उल्लेख गरिए वमोजिमको मासिक प्रोत्साहन सुविधा प्रदान गरिनेछ ।

(२) प्रोत्साहन सुविधामा १ एक प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरिनेछ । साथै नेपाल सरकारले निर्धारण गरेको करको दायरा अनुसारको कर कट्टी प्रयोजनको लागि समेत यो सुविधा गणना हुनेछ ।

(३) यस दफा अन्तर्गत प्रदान गरिने प्रोत्साहन भत्ता कर्मचारीले खाईपाई आएको स्थानीय भत्तामा थप सुविधाको रुपमा रहनेछ ।

(४) यस्तो सुविधा स्रोतले पुगेसम्म तलवभत्ता भुक्तानी हुँदाको वखत तलव भत्ता भुक्तानी सँगै भुक्तानी गरिनेछ ।

१४) प्रोत्साहन भत्तामा परिवर्तनः नेपाल सरकारले २०७१ सालमा निर्धारण गरेको स्थानीय भत्ताको पुनरावलोकन गरेमा वा अर्को व्यवस्था भई गाउँपालिकामा कार्यरत सवै कर्मचारीको स्थानीय भत्ता समान कायम गरेमा यस कार्यविधि ऐन अन्तर्गत प्रदान गरिएको प्रोत्साहन रकम प्रदान गरिने छैन ।

## परिच्छेद ५
## कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि

१५) कार्यसम्पादन सूचकः (१) गाउँपालिकाको कार्यालय वा सो अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको लागि अतिरिक्त समयमा कार्यसम्पादन गरेको आधारमा दफा १६ वमोजिमको मूल्यांकन अनुसार प्रत्येक कर्मचारीलाई शुरु तलव स्केलको बढीमा ९० प्रतिशतसम्म हुने अतिरिक्त समय कार्य गरेको प्रोत्साहन स्वरुप भत्ता गराइनेछ ।

(२) यस्तो सुविधा प्रति वर्षमा कर्मचारीको शुरु तलव स्केलको पाँच महिनाको तलवभन्दा बढी हुने गरी भने भुक्तानी गरिने छैन ।

१६) कार्यान्वयनः गाउँ कार्यापालिका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि निम्नानुसार हुनेछ ।

(क) दफा १५ को उपदफा (१) वमोजिम कार्यसम्पादनमा आधारित प्रोत्साहन रकम उपलब्ध गराउँदा अतिरिक्त समय काम गरे वापत कार्य सम्पादनको आधारमा प्रदान गरिनेछ र त्यस्तो रकम शुरु तलव स्केलभन्दा बढीमा ९० प्रतिशत वा पाँच महिनाको तलवमानभन्दा बढी हुने छैन ।

(ख) प्रोत्साहन भत्ता अतिरिक्त समय कार्यसम्पादन गरेको मासिक रुपमा मूल्यांकन गरी सोही आधारमा प्रत्येक महिनामा हुन आउने प्रोत्साहन रकम भुक्तानी गरिनेछ ।

(ग) यस दफा वमोजिम प्रदान गरिने प्रोत्साहन भत्ताको दर अनुसूची ५ मा उल्लेख भए वमोजिम हुनेछ ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका

१७). कार्य सम्पादनको मूल्यांकन सम्बन्धी व्यवस्थाः (१) प्रत्येक महिना कर्मचारीले अतिरिक्त समय काम गर्दा कार्यको गणना गर्दा अनुसूची ६ वमोजिमको हाजिरी राखी प्रमुख प्रशासकीय अधिकृतले प्रामणित गरी राख्नुपर्नेछ ।

(२) उपदफा १ वमोजिम हाजिरी प्रमाणित गरी राख्दा उपलब्ध भएसम्म प्रशासन सेवाको अधिकृत कर्मचारीले हजिरी राख्नुपर्दछ ।

(३) यस दफामा व्यवस्था गरिएको हाजिरी अनुसार मासिक वा एकमूष्ट रुपमा लेखा शाखाबाट भुक्तानी गरिनेछ ।

## परिच्छेद ६
## विविध

१८) वित्तीय स्रोत व्यवस्थापनः यस कार्यविधि ऐन अन्तर्गतको प्रोत्साहन सुविधा गाउँपालिकाको आन्तरिक कर, रोयल्टी वाँडफाँड जस्ता आन्तरिक आयबाट मात्र भुक्तानी गर्न सकिनेछ ।

१९) सुविधा प्रदान गर्न नसकिनेः गाउँपालकाको स्रोतमा चरम दवाव, आन्तिरक आयमा कमी, गाउँपालिकाको गौरवका योजना कार्यान्वयन लगायतका विशेष परिस्थिका कारण गाउँपालिकाले सुविधा प्रदान गर्न नसक्ने अवस्थामा यस कार्यविधि ऐन अन्तर्गतको प्रोत्साहन सुविधा प्रदान गर्न वाध्य हुने छैन ।

## परिच्छेद ७
## खारेजी र वचाउ

२०) खारेजी र संशोधनः यस कार्यविधि ऐनको खारेजी, तथा कार्यविधि ऐनका कुनै दफा वा व्यवस्था संशोधन गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

२१) वचाउः यस सम्बन्धी गाउँपालिकाको यस अगावै गरेका कार्यहरु यसै कार्यविधि ऐन अन्तर्गत भएको मानिनेछ ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका

अनुसूची १

दफा ९ सँग सम्बन्धित

महाकुलुङ गाउँपालिकामा कार्यरत शिक्षकहरुको मासिक स्थानीय भत्ता सुविधाको वर्तमान अवस्था

| क्र.सं. | तह | तलवमान | हाल भुक्तानी हुने स्थानीय भत्ता | कैफियत |
|---|---|---|---|---|
| १ | प्राथमिक तृतीय | ३२९०२ | ६४६० | |
| २ | प्राथमिक दितीय | ३४७३० | ७७१० | |
| ३ | प्राथमिक प्रथम | ४३६८९ | ११८१० | |
| ४ | निमाशि तृतीय | ३४७३० | ७७१० | |
| ५ | निमाशि दितीय | ४३६८९ | ११८१० | |
| ६ | निमाशि प्रथम | ४५८६२ | | |
| ७ | माध्यमिक तृतीय | ४३६८९ | ११८१० | |
| ८ | माध्यमिक दितीय | ४८७३७ | १३६३० | |
| ९ | माध्यमिक प्रथम | ५६७८७ | १६५४० | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका

अनुसूची २

दफा १० सँग सम्वन्धित

महाकुलुङ गाउँपालिकाको वडा नं. ४ र ५ मा कार्यरत शिक्षकहरुलाई प्रदान गरिने मासिक स्थानीय भत्ता दर

| क्र.सं. | तह | स्थानीय भत्ता दर | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक तृतीय | ६४६० | |
| २ | प्राथमिक दितीय | ७७१० | |
| ३ | प्राथमिक प्रथम | ११८१० | |
| ४ | निमाशि तृतीय | ७७१० | |
| ५ | निमाशि दितीय | ११८१० | |
| ६ | निमाशि प्रथम | ११८१० | |
| ७ | माध्यमिक तृतीय | ११८१० | |
| ८ | माध्यमिक दितीय | १३६३० | |
| ९ | माध्यमिक प्रथम | १३६३० | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका

अनुसूची ३

दफा १२ सँग सम्बन्धित

महाकुलुङ गाउँपालिकामा कार्यरत कर्मचारीको मासिक स्थानीय भत्ता सुविधाको वर्तमान अवस्था

| क्र.सं. | तह | वडा १, २ र ३ मा कार्यरत कर्मचारीको | वडा ४ र ५ मा कार्यरत कर्मचारीको | फरक रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहायक चौथो | ६४६० | २७६० | ३७०० | |
| २ | सहायक पाँचौं | ७७१० | ३२१० | ४५०० | |
| ३ | अधिकृत स्तर छैठौं | ११८१० | ३९४० | ७८७० | |
| ४ | अधिकृत स्तर सातौं | ११८१० | ३९४० | ७८७० | |
| ५ | अधिकृत स्तर आठौं | ११८१० | ३९४० | ७८७० | |

अध्यक्ष महाकुलुङ गाउँपालिका

अध्यक्ष महाकुलुङ गाउँपालिका

अनुसूची ४

दफा १३ सँग सम्बन्धित

महाकुलुङ गाउँपालिकामा कार्यरत कर्मचारीलाई प्रदान गरिने मासिक स्थानीय भत्ताको दर

| क्र.सं. | तह | वडा १, २ र ३ मा कार्यरत कर्मचारीको | वडा ४ र ५ मा कार्यरत कर्मचारीको | कैफियत |
|---|---|---|---|---|
| १ | सहायक चौथो | ० | ३७०० | |
| २ | सहायक पाँचौं | ० | ४५०० | |
| ३ | अधिकृत स्तर छैठौं | ० | ७८७० | |
| ४ | अधिकृत स्तर सातौं | ० | ७८७० | |
| ५ | अधिकृत स्तर आठौं | ० | ७८७० | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका

अध्यक्ष
महाकुलुङ गाउँपालिका

अध्यक्ष
महाकुलुङ गाउँपालिका

## अनुसूची ५

### दफा १६ को (ग) सँग सम्बन्धित

### अतिरिक्त समय कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता दर

| क्र.सं. | तह | प्रोत्साहन रकम (सुरु तलव स्केलको) | कैफियत |
|---|---|---|---|
| १ | मासिक ५० घण्टाभन्दा वढी | ९०% | |
| २ | मासिक ४० देखि ५० घण्टा | ७०% | |
| ३ | मासिक ३० देखि ४० घण्टा | ५०% | |
| ४ | मासिक २० देखि ३० घण्टा | ३०% | |
| ५ | मासिक १० देखि २० घण्टा | २०% | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका

अध्यक्ष
महाकुलुङ गाउँपालिका

अनुसूची ६

दफा १७ सँग सम्बन्धित

## अतिरिक्त समय कार्य गरेको हाजिरी फाराम

कर्मचारीको नामः पदः शाखाः

मितिः ——..—.. साल ————.. महिना

| मिति | अतिरिक्त समय काम गरेको विवरण | | | | | सम्पादित मूख्य कार्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | बिहान (समय) | | बेलुका (समय) | | कूल समय | | |
| | देखि | सम्म | देखि | सम्म | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा समय घण्टा र मिनेटमा | | | | | | | |

तयार गर्नेः जाँच गर्नेः सदर गर्नेः

अध्यक्ष
महाकुलुङ गाउँपालिका

आज्ञाले,
खरिधन राई
प्रमुख प्रशासकीय अधिकृत